# ४ संघर्ष र सङ्कट

***<u>यस अध्यायका मूल पदहरू</u>***: न्यायकर्ता ४, ६, १४, हिब्रू ११:३२, १ शमूएल २:१२-२५, १ शमूएल ८:१-७।

***<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद</u>***: "अनि हन्नाले प्रार्थना गरिन्। उनले भनिन् 'परमेश्वरले मेरो हृदयलाई आनन्दले भरिदिनुभयो। उहाँले मलाई बलियो बनाउनुभयो। मलाई गिल्ला गर्ने बैरीहरूतिर म हाँस्न सक्नेछु। म कति खुशी छु कि उहाँले मलाई उद्धार गर्नुभयो।" (१ शमूएल २:१ रूपान्तरित)।

न्यायकर्ताहरूको समय आपतकालिन् र अन्यौलको समय थियो। त्यसबेला इस्राएलीहरूले अत्यन्त कष्ट पाएका थिए। तिनीहरूले अनेकन् कठोर जीवन यापन् गरेका थिए। परमेश्वरको नजरमा उहाँका जनहरूले दुष्ट बाटो अपनाएका थिए। त्यसकारण तिनीहरूलाई सम्हाल्न तिनीहरूलाई शोषकहरूको हातमा सुम्पिनु दिनुभयो। जब मानिसहरूले उहाँसँग पुकार गरे तब परमेश्वरले तिनीहरूलाई उद्धारकर्ता वा अगुवाहरू दिनुभयो जसले त्यस भूमीमा शान्ति ल्याएका थिए। तर त्यो एक पटकमात्र होइन बारम्बार दोहोरिएको थियो।

ती न्यायकर्ताहरूमा महिला न्यायकर्ता दबोराको नाउँ बिशेष उल्लेखनीय छ। उनले मानिसहरूको आत्मबल बढाएकी थिइन्। इस्राएलका मानिसहरूको परमेश्वरमाथि आस्था र भरोस कमजोर भएको बेलामा तिनी र जयलले बिराङ्गनाको भूमिक खेलिन् किनभने तिनीहरूले इस्राएलीहरूको हौशला बढाएका थिए।

अन्तिम न्यायकर्ताहरूमा सामसन पनि एक जना थिए। उनको मृत्युपछि इस्राएल राष्ट्र अलमलमा परेको थियो। अनेकन् बिखण्डनको कारण इस्राएल देश नैराश्यताको भूमरिमा परेको थियो। त्यसबेलाका जनताहरू कुनै पनि बिधिको शासनमा बस्न चाहेका थिएनन्। तिनीहरू कानुनको दायरामा बस्न चाहेका थिएनन्। सामसन आनकानी गरेर न्यायकर्ता हुन पुगेका थिए। मानिसहरूको हित भन्दा स्त्रीहरूको पछि लाग्न उनको रुची थियो (अर्थात् उनी सुर भएतापनि सुरा र सुन्दरीको लतमा फसेका थिए)। सामसनका देशवासीहरू

पनि उनीभन्दा असल थिएनन्। तिनीहरू आफ्नै हातले बनाएका मूर्तीहरूलाई पूजा गर्न व्यस्त थिए। परमेश्वरतिर ध्यान दिन तिनीहरूको फुर्सद थिएन।

तर जब शमूएलको जन्म भयो तब त्यसले इस्राएल देशमा आशाको किरणको उदय भएको थियो। जनताको अनुरोधमा उनले आफ्नो नेतृत्वमा राजाको संरचना स्थापना गरे। उनले सर्वसाधारण साऊललाई राजा हुन अभिषेक गरे। तर पछि उनी परमेश्वरबाट भडकिन्दा उनी पतित हुन पुगे। अनि भेंडा गोठालो दाउदलाई राजा अभिषेक गरेर आफ्नो अन्तिम कार्य शमूएलले सम्पन्न गरेका थिए।

## १ दबोरा (न्यायकर्ता ४)

दबोराको कथाले ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्धको बिषयबस्तुमा घटलाग्दो बिवरण थप प्रस्तुत गरिएको पाइन्छ। यहाँ परमेश्वरका जनहरूले शत्रुको हमलाले कष्ट पाइरहेको देख्छौं र तिनीहरूको परिस्थिति झण्डै नैराश्यमय थियो। त्यही परिस्थिति प्रकाश १२मा पाइन्छ। सातवटा टाउको भएको राक्षस वा पशु नयाँ जन्मिएको बालकको बीचमा भइरहेको अन्यायपूर्ण प्रतिस्पर्धालाई प्रकाश १२ले पेश गर्दछ।

दबोराको कथामा समाबेश भएका केही महत्त्वपूर्ण पात्रहरूमा जाबिन, कनानको राजा; सीसरा, उसको सेनापती; र देवोरा, जो परमेश्वरको बिशेष दुत् अर्थात् भविष्यवक्ती र न्यायकर्ता थिइन्। त्यसबेलाको महिलाहरूलाई निम्नस्तरिय हेर्ने संस्कारमा देबोरामा असाधारण अधिकार र प्रभावले सुसज्जित भएकी बिरङ्गना नारी थिइन्।

न्यायकर्ता ४ अध्यायमा ख्रीष्ट र शैतानको बीचमा भइरहको अन्तर्द्वन्धको बिषयबस्तुलाई मानविय इतिहासले कसरी खुलासा गरिएको छ भनेर देखाइएको छ। इस्राएलका कतिपय मानिसहरू पापी, अयोग्य र अधर्मी भएतापनि त्यस संग्राममा बिजय ल्याउने अन्तमा को थिए भनेर देखाएको छ। हेर्नहोस्ः "१ एहूदको मृत्युपछि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो फेरि त्यही गरे। यसकारण परमप्रभुले तिनीहरूलाई हासोरमा शासन गर्ने कनानी राजा याबीनको हातमा बेचिदिनुभयो। उनका सेनापति सीसरा थिए, जो हरोशेत हग्गोयिममा बस्थे। इस्राएलीहरूले सहायताको निम्ति परमप्रभुलाई पुकारे, किनभने सीसराका फलामका नौ सय रथहरू थिए, र उनले इस्राएलीहरूलाई बीस वर्षसम्म क्रूरतापूर्वक सताए। त्यस बेला लप्पीदोतकी

पत्नी दबोरा* इस्राएलकी अगुवा थिइन्। तिनी एक अगमवादिनी थिइन्। तिनी एफ्राइमको पहाड़ी देशमा रामा र बेथेलको बीचमा भएको दबोराका खजूरको रूखमुनि बस्ने गर्दथिन्, र इस्राएलीहरू तिनीकहाँ इन्साफको निम्ति आउँथे। तिनले नप्तालीको केदेशबाट अबीनोअमका छोरा बाराकलाई बोलाइपठाइन्, र तिनलाई भनिन्, "परमप्रभु इस्राएलका परमेश्वरको आज्ञा यो होः 'गएर नप्ताली र जबूलूनका दश हजार मानिसहरूलाई चुनेर तिनीहरूलाई तिमीसँगै तबोर डाँड़ामा ल्याऊ'। म याबीनको सेनापति सीसरालाई कीशोन खोलामा त्यसका रथहरू र त्यसका सबै फौजसमेत निकाली ल्याएर उनीहरूलाई तिम्रो हातमा सुम्पिदिनेछु।" बाराकले जवाफ दिए, "तपाईं मसँग जानुभयो भने म जानेछु, तर तपाईं जानुभएन भनेता म पनि जानेछैनँ।" दबोराले भनिन्, "निश्चय नै म तिमीसँग जानेछु, तर यस वीरताका कामको श्रेय तिमीलाई हुनेछैन, किनभने परमप्रभुले सीसरालाई एउटी स्त्रीको हातमा सुम्पिदिनुहुनेछ।" तब दबोरा उठिन् र बाराकसँग केदेशमा गइन्। बाराकले जबूलून र नप्तालीलाई केदेशमा बोलाए, र दश हजार मानिसहरूका साथमा तिनी हिँड़े, र दबोरा पनि तिनीसँग गइन्। ११ अब केनी हेबेरले केनीहरू, अर्थात् मोशाका साला होबाबका सन्तानहरूदेखि अलग भएर केदेशनेर सानन्नीममा भएको ठूलो रूख नजिक आफ्नो पाल टाँगेका थिए। १२ अबीनोअमका छोरा बाराक तबोर डाँड़ामा गएका छन् भन्ने खबर सीसराकहाँ पुऱ्याइयो। तब उनले आफ्ना नौ सय फलामका रथहरू र आफ्ना फौजहरूलाई हरोशेत हग्गोयिमबाट कीशोन खोलामा भेला गराए। १४ तब दबोराले बाराकलाई भनिन्, "उठ, आजको दिन परमप्रभुले सीसरालाई तिम्रो हातमा दिनुभएको छ। परमप्रभु तिम्रो अगि जानुभएको छ।" यसकारण बाराक तबोर डाँड़ाबाट आक्रमण गर्दै तल झरे, र दश हजार मानिसहरू तिनको पछिपछि लागे। १५ परमप्रभुले सीसरालाई, उनका सबै रथहरू र फौजसमेत, बाराकका आक्रमणको सामु पराजित गराउनुभयो। सीसरा आफ्नो रथबाट ओर्लेर पैदलै भागे। १६ बाराकले रथहरू र फौजलाई हरोशेत हग्गोयिमसम्मै खेदे, र सारा सेनालाई तरवारले नाश गरे। एक जना पनि बाँचेन। १७ यता सीसराचाहिँ पैदलै भाग्दै केनी हेबेरका पत्नी याएलको पालमा पसे, किनभने हासोरका राजा याबीन र केनी हेबेरको घरानाको बीचमा मित्रता थियो। १८ याएल सीसरालाई भेट गर्नलाई निस्किन्, र उनलाई भनिन्, "हजूर, भित्रै आउनुहोस्, भित्रै आउनुहोस्। नडराउनुहोस्।" यसैले सीसरा पालभित्र पसे, र तिनले उनलाई एउटा कम्बल ओढ़ाइदिइन्। १९ सीसराले

तिनलाई भने, “मलाई अलिकता पानी पिउन देऊ। मलाई साह्रै तिर्खा लागेको छ।” तब तिनले दूधले भरेको एउटा मशक खोलेर उनलाई पिउन दिइन्, र फेरि उनलाई कम्बल ओढ़ाइदिइन्। २० सीसराले तिनलाई भने, “पालको ढोकामै उभिरह, र कसैले आएर ‘यहाँ कोही छ कि?’ भनेर सोध्यो भने ‘छैन’ भनिदेऊ।” २१ तर हेबेरकी पत्नी याएलले पालको एउटा कीला र मुङ्ग्रो लिएर सीसरा थकित भई मस्त निदाएको बेलामा उनको छेउमा गइन्। याएलले सीसराको कन्चट छिचोलेर भूइँ भेट्ने गरी कीला ठोकिदिइन् र उनी मरे।

२२ बाराक सीसरालाई खेद्दै आउँदा याएल तिनलाई भेट गर्न आएर तिनलाई भनिन्, “आउनुहोस्, तपाईंले खोज्नुभएको मानिसलाई म देखाउनेछु।” बाराक तिनीसँग भित्र पसे, र सीसरालाई कन्चटमा कीला गाड़िएर मरिरहेका भेटाए। २३ त्यस दिन परमेश्वरले कनानका राजा याबीनमाथि इस्राएलीहरूलाई विजयी बनाइदिनुभयो। २४ उनलाई खतम नपारुञ्जेल कनानी राजा याबीनको विरुद्ध इस्राएलीहरूको शक्ति बढ्दैगयो।"

यस कथाको बिराङ्गना हेबेरकी श्रीमती थिइन् जो परमेश्वरको जनहरूको साथमा हुन डराएकी थिइनन्। परमेश्वरका शत्रुहरूलाई हराउन उनले निर्णायक भूमिका खेलेकी थिइन्। बर्तमान परिवेशमा उनले गरेको काम त्यस्तो सहज र उपयुक्त थिएन। हामीहरूको नजरमा जतिसुकै ठीक देखिएतापनि हामीहरूको लक्ष्य पूरा गर्न उनले अपनाएको झुठो बोल्ने र हिंसा गर्ने नीतिलाई बहानाको रूपमा लिनु उचित होइन।

दबोराले बराकलाई यो प्रतिज्ञा सुनाएकी थिइन् कि त्यो युद्धमा परमेश्वरको जित हुन्छ। (त्यसले ख्रीष्ट र शैतानको बीचमा भइरहेको प्रतिस्पर्धाको युद्धमा ख्रीष्टको बिजय हुनेछ भनेर प्रतिध्वन गर्दछ)। दुई क्रियापदलाई प्रयोग गरेर परमेश्वरले कसरी त्यो सम्पन्न गर्नहुनेछ भनेर देखाउँछ (न्यायकर्ता ४:७)। उहाँले सिसरालाई निकाल्छु अर्थात् जालोमा माछा पारेको जस्तै किशोन नदीबाट निकाल्छु भन्नुहुन्छ। अनि उसलाई बराकको हातमा सुम्पिदिनेछु। त्यस युद्धमा जितेकोमा दबोराले बिजयको भजन, परमेश्वरप्रति कृतज्ञताको भजन गाएकी थिइन् सो न्यायकर्ता ५ अध्यायमा छ। त्यसमा उपरोक्त युद्धको बारेमा केही बिस्तृत बिबरण प्रस्तुत गरेको छ। भारी बर्षाको कारण सीसराका रथहरू एक आपसमा खाँदिएर किशोन नदीको छेऊको साँगुरो ठाउँमा पुरिएका थिए। आकाश र बादलहरू खनिए र

पहाडहरू हल्लिएर पानीका मूलहरू फुटे (न्यायकर्ता ५:४,५ रूपान्तरित)। त्यसले गर्दा अपेक्षा नगरेको बाढी आयो र शत्रुको धेरै सैनिकहरूलाई बगाइदिए (न्यायकर्ता ५:२१) र इस्राएलको उद्धार भयो।

इस्राएलका सेनाहरूको दबोरामाथि परेको भरोसा सोच्नुहोस्। त्यो तिनीहरूको निम्ति हितै भएको थियो। यद्यपि, मानिसलाई भन्दा परमेश्वरमा नै ठूलो भरोसा राख्नु हाम्रो निम्ति किन हित हुन्छ र अरूमाथि भरोसा राख्न हामी जहिले पनि किन सावधान अपनाउनुपर्छ?

## २. गिदोन (न्यायकर्ता ६:१)

दबोरापछि इस्राएलमा के भयो हेर्नहोस् "१ फेरि इस्राएलीहरूले परमप्रभुको दृष्टिमा जुन कुरा खराब थियो त्यही गरे, र उहाँले तिनीहरूलाई मिद्यानीका हातमा सात वर्षसम्म सुम्पिदिनुभयो। २ मिद्यानीहरूको शक्ति यति अत्याचारी थियो कि इस्राएलीहरूलाई पहाड़का ओड़ार, गुफा र सुरक्षित ठाउँहरूमा गएर बस्न करै लाग्यो। ३ जब-जब इस्राएलीहरूले बीउ छर्दथे। मिद्यानीहरू तथा अमालेकीहरू र पूर्वका अरू जातिहरू आएर इस्राएलमाथि आक्रमण गर्दथे। ४ उनीहरू देशमा छाउनी बनाएर बसे, र गाजाको छेउसम्मैका बालीहरूलाई नाश गरे, यहाँसम्म कि इस्राएलीहरूका निम्ति भेड़ा, गोरु, र अरू कुनै जीवित थोक पनि छोड़ेनन्। ५ उनीहरू आफ्ना गाई-गोरुका बथान र तम्बूहरू लिएर सलहको हूलझैं आए। मानिस र तिनीहरूका ऊँटहरू अनगिन्ती थिए। देशलाई सखाप पार्न आक्रमण गरे। ६ यसरी नै मिद्यानीहरूले इस्राएलीहरूलाई निर्धन बनाइदिए, र सहायताको निम्ति तिनीहरूले परमप्रभुलाई पुकारे। ७ मिद्यानीहरूले सताएकोले इस्राएलीहरूले परमप्रभुलाई पुकार्दा, ८ उहाँले तिनीहरूकहाँ एक जना अगमवक्ता पठाउनुभयो, जसले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वरको यो वाणी छः मैले तिमीहरूलाई दासत्वको देश मिश्रबाट निकालेर ल्याएँ। ९ मैले तिमीहरूलाई मिश्रीहरूका हातबाट र तिमीहरूलाई सताउने सबैका हातबाट छुटाएँ। मैले उनीहरूलाई तिमीहरूका सामुन्नेदेखि धपाएँ, र उनीहरूका देशहरू तिमीहरूलाई दिएँ। १० मैले तिमीहरूलाई भनें, 'म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। तिमीहरू बसोबास गरिरहेको, एमोरीहरूको देशका देवताहरूको सेवा नगर'। तर तिमीहरूले मेरो कुरा सुनेनौ।" न्यायकर्ता ६:१-१०।

दवोराको मृत्युपछि इस्राएल देश ४० वर्षसम्म सुःखशान्ति रह्यो। तर फेरि परमेश्वरका जनहरू आक्रमणकारीहरूको हातमा पर्न गयो। यस बेला मिद्दानीहरू तिनीहरूको शत्रु बने। तिनीहरू र तिनीहरूसँग मिल्ने छिमेकी देशका मानिसहरू आएर इस्राएलीहरूले उमारेका अन्नहरू नाश गर्ने र घरेलु पशुहरू चोरेर लाने गर्न थाले (न्यायकर्ता ६:६,७)। तिनीहरूले परमेश्वरको उपासना गर्न छोडेर कठीत देवीदेवताहरूलाई पूजा गर्न थाले र परमेश्वरले पनि तिनीहरूलाई रक्षा गर्ने जिम्मेवारी लिनुभयो। तर अन्त्यन दुःख पाएपछि र ती देवीदेवताहरूलाई पुकार्दा तिनीहरू केवल काल्पनिकमात्र भएको तिनीहरूले महसुस गरे।

तिनीहरूको पुकार सुन्दा परमेश्वरले स्वर्गदूतलाई गिदोन भन्ने एक जना इस्राएलीकहाँ पठाउनुभयो। जब उनले गिदोनसँग बोले त गिदोनले कस्तो जवाफ दिए? आफ्ना जनहरू किन दुःख पाइरहेका छन् भनेर उनलाई थाहा हुनुपर्ने थिएन र? किन थाहा नपाउने? हेर्नुहोस् माथिका पदहरूसहित न्यायकर्ता ६:११-१६ "११ अब परमप्रभुका दूत आएर अबीएजेरी योआशको, ओप्रा भन्ने ठाउँको फलाँटको रूखमुनि बसे। योआशका छोरा गिदोनचाहिँ मिद्यानीहरूबाट लुकाउनलाई दाखको कोलमा गहूँ चुट्दैथिए। १२ तब परमप्रभुका दूतले गिदोनकहाँ देखा परेर तिनलाई भने, "तिमी वीर मानिस हो, र परमप्रभु तिमीसँग हुनुहुन्छ।" १३ गिदोनले तिनलाई भने, "हजूर, सुन्नुहोस्, परमप्रभु साँच्ची नै हामीसँग हुनुहुन्छ भनेता यी सबै किन हामीलाई भएको? उहाँका ती सबै आश्चर्य कामहरू के भए, जो हामीले आफ्ना पिता-पुर्खाहरूबाट सुनेका छौं, जसले भन्थे, 'के परमप्रभुले हामीलाई मिश्रदेशबाट निकालेर ल्याउनुभएको होइन?' तर अब त परमप्रभुले हामीलाई त्यागनुभएको छ, र हामीलाई मिद्यानीहरूका हातमा सुम्पिदिनुभएको छ।" १४ तब तिनीतिर फर्केर परमप्रभुले भन्नुभयो, "जाऊ, इस्राएललाई मिद्यानीहरूका हातदेखि छुटाउनलाई तिमीमा भएको बल प्रयोग गर्। तिमीलाई पठाउने म नै हुँ।" १५ गिदोनले उत्तर दिए, "हजूर, सुन्नुहोस्, म कसरी इस्राएललाई बचाउन सक्छु? मेरो गोत्रलाई हेर्नुहोस् त्यो त मनश्शेमा सबैभन्दा कमजोर छ, र मेरा पिताको घरानामा म सबैभन्दा सानो छु।" १६ परमप्रभुले जवाफ दिनुभयो, "म तिमीसँग हुनेछु, र तिमीले सारा मिद्यानीहरूलाई एउटै मानिसलाईझैं मार्नेछस्।"

मानिसहरू परमेश्वरको बिधिको शासनमा नबसेर आफ्नै तालमा हिँड्न थालेका थिए। त्यसकारण परमेश्वरले पनि तिनीहरूको वास्ता गर्न छोड्नुभयो

र शत्रुहरूको शोषणमा तिनीहरू परे। तिनीहर त्राही त्राही भएर परमेश्वरसँग फेरि पुकारे र तिनीहरको क्रन्धन सुन्नुभयो र तिनीहरूलाई उद्धार गर्न परमेश्वर फेरि ओर्लनुभयो। यसबेला उहाँ गिदोन भन्ने हस्तपुष्ट युवकद्वारा काम गर्नुभयो। परमेश्वरले उनलाई बिर योद्धा भनेर सम्बोधन गर्नु कस्तो अचम्म लाग्दो छ! गिदोनले आफूलाई त्यसो देखेन। परमेश्वरको सामु आफू सबभन्दा सानो र कमजोर गोत्र वा जाति भएको स्वीकारे। आफू कमजोरी भएको र आफ्नो भाऊ नभएको सोच्ने खुबी नै गिदोनको बलको महत्त्वपूर्ण भाग थियो।

परमेश्वरले उनलाई साहस दिएपछि उनले उहाँसँग आत्मबिश्वास बढाउन के मागे? हेर्नुहोस्, न्यायकर्ता ६:३६-४० "३६ गिदोनले परमेश्वरलाई भने, "तपाईंले प्रतिज्ञा गर्नुभएअनुसार यदि तपाईंले इस्राएललाई मद्वारा बचाउनुहुन्छ भनेदेखि, ३७ अब हेर्नुहोस्, म भेड़ाको ऊन खलामा राख्नेछु। यदि ऊनमा मात्रै शीत परेर त्यसको चारैतिरको जमिनचाहिँ सुक्खै रह्यो भने, मलाई यो कुरो निश्चय थाहा हुनेछ कि तपाईंले प्रतिज्ञा गर्नुभएझैं मेरै हातद्वारा तपाईंले इस्राएललाई छुटाउनुहुनेछ।" ३८ र त्यसै नै भयो। तिनी भोलि बिहानै उठे, र त्यो ऊनलाई निचोरे, र शीतबाट एक बटुको पानी निस्क्यो। ३९ तब गिदोनले परमेश्वरलाई भने, "मसँग नरिसाउनुहोस्, तर मलाई अझै एक कुरा बोल्न दिनुहोस्। बिन्ती छ, मलाई फेरि एक पल्ट यस ऊनको जाँच गर्न दिनुहोस्। यस पल्टचाहिँ त्यो ऊन मात्र सुक्खा रहोस्, र सबै जमिनचाहिँ शीतले भिजोस्।" ४० परमेश्वरले त्यस रात पनि त्यसै गर्नुभयो। ऊन मात्र सुक्खा रह्यो, र त्यसका चारैतिरको जमिनमा शीत परेको थियो।" आफ्नो कमजोरलाई पहिल्याएको कारण गिदोनले परमेश्वरसँग बिशेष चिन्ह मागेको थियो जसले गर्दा उहाँ उनीसँग हुनुहुन्छ भनेर बिश्वस्त हुन चाहेका थिए। परमेश्वरमाथि पूरा भरोसा राख्नुपर्ने भनेर गिदोनको निर्णयलाई हामी पढ्छौं। त्यसको फलस्वरुप गिदोनले अचम्म तरिकाले शत्रुहरूसँग जितेर परमेश्वरका जनहरूलाई उद्धार गर्न सफल भएको थियो। त्यसको बिस्तृत विवरण न्यायकर्ता ७ अध्यायमा पढ्न सकिन्छ।

इस्राएलीहरूलाई उद्धार गर्न परमेश्वरले पापी र कमजोर मानिसलाई किन रोज्नुभयो? के उहाँले बाऱ्ह पल्टनभन्दा बढि स्वर्गदूतहरू (मत्ती २६:५३) इस्राएलीहरूलाई राहत दिन सक्नुभएन र? सुसमाचार सुनाउन र ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धमा हामी पापी मानिसहरूको भूमिका कसरी खेलिरहेका हुन्छौं?

## ३. सामसन (न्यायकर्ता १४:१-४)

बाइबलमा अति बलियो मानिने व्यक्ति सामसमनको कथामा असल र खराबको युद्ध धमेलिएको छ। सामसनको जीवन सुरूमा असल र निर्णायक थियो। उनी नाजरिन हुने भनेर उनको जन्ममा परमेश्वरको स्वर्गदूतले भविष्याणी गरेका थिए। त्यसको अर्थ उनले जिवनभर कपाल नकाट्ने र मादक पदार्थ नपिउने जस्ता सपथ खानु हो। तिनीहरूको बिशेष बालकलाई कसरी हुर्काउने भनेर स्वर्गदूतले नै सामसनका बाबुआमालाई सिकाउँदछ। आमाले कुनै मादक पदार्थ नपिउन र मनाही गरिएको खाना नखान (न्यायकर्ता १३:४,१३,१४, लैब्य ११) निर्देशन दिइएको थियो। सामसनको निम्ति परमेश्वरको बिशेष योजना थियो। तर दुःख लाग्दो कुरो त यो छ कि अपेक्षा गरेको अनुसार सामसनको जीवन बनिएन।

"जब सामसन युवा अवस्थामा प्रवेश गरे तब उनी परमेश्वरले खटाउनुभएको क्षेत्रमा उनी काम गर्न जरुरी थियो। त्यस बेला उनी परमेश्वरप्रति निष्ठावान हुनुपर्थ्यो। तर इस्राएलका शत्रुहरूसँग उनी घुलमिल हुन पुगे र तिनीहरूसँग सम्बन्ध गाँसे। परमेश्वरको महिमा गर्न आफू सुम्पिनु पर्छ कि पर्दैन भनेर सामसमले सोधेन वा आफूलाई शत्रुहरूको माझमा पस्दा उनको जीवनमा परमेश्वरको लक्ष्य पूरा हुने स्थानमा आफूलाई राखेको छ वा छैन भनेर आफ्नो मनमा घुसाएन। परमेश्वरको भाऊ बढाउने र सम्मान् गर्ने नियत बोकेका सबैलाई उहाँले बुद्धिज्ञान दिने प्रतिज्ञा गर्नुभएको छ। तर आफ्नो मोजमस्ती र आफ्नोमात्र भाऊ खोज्नेलाई तिनीहरूको हितको निम्ति परमेश्वरले कबूल गर्नुभएको छैन।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५६३बाट रूपान्तरित।

परमेश्वरको न्यायकर्ता बन्न पुगेको सामसन सुरा र सुन्दरीको माथमा होमिन पुगे। उनी स्त्रीहरूको लतमा कमजोरी अगुवा बन्न पुगे। तर उनको स्त्रीहरूतिर फस्ने लत भएतापनि परमेश्वरले उनीबाट नै आफ्नो योजना सम्पन्न कसरी गर्नुभयो भनेर सामसनको कथाबाट सिकाइएको छ। न्यायकर्ता १४ हेर्नुहोस्, "१ शिमशोन तिम्नामा झरे, र त्यहाँ तिनले एउटी पलिश्ती स्त्रीलाई देखे। २ जब तिनी फर्केर आए तब तिनले आफ्ना बा र आमालाई भने, "मैले तिम्नामा एउटी पलिश्ती स्त्री देखेको छु, र मलाई तिनीसँग विवाह गरिदिनुहोस्।" ३ तिनका आमा-बाबुले तिनलाई भने, "के हाम्रो आफ्नै कुटुम्बमा अथवा हाम्रै आफ्नो जातिमा कोही स्त्री छैन, र खतना नभएका पलिश्तीहरूकी

स्त्रीलाई तिमीले विवाह गर्नुपर्छ?” तर शिमशोनले आफ्ना बाबुलाई भने, “ती स्त्री
नै मेरो निम्ति ल्याइदिनुहोस्। तिनी नै मेरो निम्ति ठीक छिन्।” ४
पलिश्तीहरू, जो त्यस बेला इस्राएलका शासक थिए, उनीहरूका विरुद्धमा
परमप्रभुले मौका हेर्दैहुनुहुन्छ र यसमा परमप्रभुको हात छ भनी तिनका आमा-
बाबुलाई थाहा थिएन। ५ शिमशोन आफ्ना आमा-बाबुसँग तिम्नामा झरे, र जब
तिनीहरू त्यहाँका दाखबारीहरूमा पुगे तब एउटा जवान सिंहले गर्जंदै
शिमशोनलाई झम्ट्यो। ६ तब परमप्रभुका आत्मा झट्टै शिमशोनमा आउनुभयो,
र तिनको हातमा केही हतियार नभए तापनि तिनले त्यस सिंहलाई एउटा
पाठालाई झैं च्यातचुत गरिदिए। तर आफूले गरेको कुरो तिनले आफ्ना आमा-
बाबुलाई भनेनन्। ७ त्यसपछि तिनी तल झरेर त्यस स्त्रीसँग बातचीत गरे, र
त्यस स्त्रीले तिनलाई रिझाई। ८ केही समयपछि त्यसलाई विवाह गर्नलाई
तिनी फेरि तल झरे। त्यस सिंहको सिनु हेर्नलाई तिनी त्यतातिर लागे, र
त्यसमा मौरीसमेतको चाका देखे। ९ तिनले मह काढ़ेर हात चाट्दै गए। जब
तिनी आफ्ना आमा-बाबुकहाँ आइपुगे तब तिनीहरूलाई पनि केही मह दिए, र
तिनीहरूले पनि खाए। तर आफूले त्यो मह सिंहको सिनुबाट काढ़ेको कुरो
तिनले तिनीहरूलाई बताएनन्। १० तिनका बाबु त्यो स्त्री हेर्नलाई गए, र
दुलहाहरूको दस्तूरअनुसार शिमशोनले त्यहाँ एउटा भोज दिए। ११ जब तिनी
त्यहाँका मानिसहरूका सामु देखा परे, तब उनीहरूले तीस जना मानिसहरूलाई
तिनका साथ जानलाई ल्याए। १२ शिमशोनले तिनीहरूलाई भने, “म
तिमीहरूलाई एउटा अड्को थाप्छु। यी सात दिनको भोजको समयमा
तिमीहरूले त्यो अड्को फुकाउन सक्यौ भने म तिमीहरूलाई तीस थान कपड़ा
र तीस जोर लाउने लुगा दिनेछु। १३ तर तिमीहरूले त्यो अड्को फुकाउन
सकेनौ भने तिमीहरूले मलाई तीस थान कपड़ा र तीस जोर लाउने लुगा
दिनुपर्छ।” तिनीहरूले भने, “अड्को हामी सुनौं त?” १४ तब तिनले
तिनीहरूलाई भने, “खानेबाट खानेकुरो निस्क्यो, बलियोबाट गुलियो कुरो
निस्क्यो।” तीन दिनको अन्तरमा पनि तिनीहरू त्यो अड्को फुकाउन सफल
भएनन्। १५ चौथो दिन तिनीहरूले शिमशोनकी पत्नीलाई भने, “तिम्रा
लोग्नेलाई फकाऊ र तिनले तिमीलाई त्यो अड्को फुकाइदिऊन्, नत्रता हामी
तिमीलाई र तिम्रा बाको घरलाई आगो लगाइदिनेछौं। के तिमीले हामीलाई
कङ्गाली तुल्याउनलाई निम्तो दियौ?” १६ तब शिमशोनकी पत्नीले तिनको सामु
रोई-रोईकन भनी, “तपाईं मलाई घृणा गर्नुहुन्छ। तपाईं मलाई प्रेम गर्नुहुन्न।

तपाईंले मेरा भाइबन्धुहरूलाई एउटा अड्को थाप्नुभएको छ, तर त्यो मलाई बताउनुभएको छैन।" तिनले त्यसलाई भने, "मैले त त्यो मेरा माता-पितालाई पनि भनेको छैनँ, र के त्यो तिमीलाई भन्नु?" १७ तर भोजको सात दिन समाप्त नहोउञ्जेल त्यो तिनको सामुन्ने रोइबसी। यसैले सातौं दिनमा त्यसले साह्रै जिद्दी गरेकी हुनाले तिनले त्यसलाई बताइदिए, र त्यसले त्यो अड्को आफ्ना भाइबन्धुहरूलाई बताइदिई। १८ त्यसै दिन सूर्य अस्ताउन अघि सहरका मानिसहरूले शिमशोनलाई भने, "महभन्दा गुलियो के हुन्छ र? सिंहभन्दा बलियो के हुन्छ र?" शिमशोनले भने, "मेरो कोरलीलाई नजोतेका भए तिमीहरूले यो अड्को फुकाउन सक्नेथिएनौ।" १९ तब परमप्रभुका आत्मा झट्टै शिमशोनमा आउनुभयो। तिनी तल अश्कलोनमा गए, र त्यहाँ तिनले तीस जना मान्छे मारे, र उनीहरूका चीजबीज उतारेर उनीहरूका लुगाहरू ती अड्को फुकाउने मानिसहरूलाई दिए। तर तिनलाई साह्रै रीस उठ्यो, र तिनी आफ्ना बाबुको घरमा गइहाले। २० शिमशोनकी पत्नी लोकन्त हुने मानिसलाई दिई।"

इस्राएलीहरूका क्रुर शासक तथा शत्रु फिलिस्तिनीहरूको बिरुद्धमा सामसमन धेरै पल्ट धेरै तरिकाबाट भिड्न पुगेको थियो। तर प्रत्येक भिडाई उनले आफ्नो रिस फेर्न वा आफ्नो बेइज्जतलाई खप्न नसकेर भएको थियो। पहिला त उनले ३० जना फिलस्तिनी युवाहरूलाई मारेर तिनीहरूको लुगा लिएर बिबाहको भोजमा आफ्नो ऋण तिर्न गएका थिए (न्यायकर्ता १४:१९)। आफ्नो बिबाहमा साथमा हुने साथीलाई उनको श्रीमतीलाई बिबाह गराइदिएकोमा त्यसको रिस फेर्न सामसनले फिलस्तिनीहरूको खेत जलाई दिए (न्यायकर्ता १४:२०, १५:१-५)। अनी आफ्नी श्रीमती र ससुरालाई जिउँदो जलाइ दिएकोमा त्यसको बदला लिन सामसनले धेरै फिलिस्तिनीहरूलाई मारे (न्यायकर्ता १५:६-८)। अनि फेरि फिलिस्तिनीहरूले उनीसँग बदला लिन खोजे (न्यायकर्ता १५:९,१०)। त्यसबेला गधाको बङ्गरालाई हतियार बनाएर १००० फिलिस्तिनीहरूलाई सामसनले मारे (न्यायकर्ता १५:१४,१५)। अन्तमा उनलाई छल गरेर समातेर अन्धा बनाइदिएसकेपछि उनलाई जाँतो पिन्ने काममा बेइज्जत गर्न लगाए र एक केटाको सहायताले फिलस्तिनीहरको मन्दिरमा उनी लगिए। त्यहाँ उनले त्यस मन्दिरको खम्बा तोडेर तिन हजार फिलिस्तिनीहरूलाई मारे।

परमेश्वरले चुन्यो भन्दैमा त्यो मानिस सिद्ध हुनुपर्छ भन्ने छैन भन्ने ज्वलन्त उदाहरण सामसनबाट पाउँछौं। सामसनलाई आदर्श व्यक्ति बनाउन

कतिपय कुरामा उचित पनि देखिन्दैन किनभने उनका कमजोर पक्षहरू धेरै थिए। तर उनलाई बिश्वासीहरको लौह पुरुषको पङ्क्तिमा हिब्रू ११:३२ले राखिएको छ। सामसनको मामिलामा हामीलाई दिइएको कथा भन्दा अरू धेरै हुनसक्छ। यदि परमेश्वरलाई नै सम्पूर्ण जीवन सुम्पेको भए उहाँले सामसनलाई कसरी प्रयोग गर्न सक्नहुन्थ्यो होला। सोच्नुहोस्। हामीहरूकै मामिलामा सोच्नुहोस्। परमेश्वरले निर्धारण गर्नुभएको आदर्शमा हामी हिँड्न सक्यौं भने उहाँले हामीबाट कति काम गर्न सक्नुहुन्थ्यो होला? सोच्नुहोस्।

## ४. रूथ (रूथ १:८,१६,१७)

परमेश्वरका जनहरूलाई आतङ्कित गरिरहने शत्रुका बलिया सेनाहरूको बारेमा चर्चा गर्नुको सट्टा सानो चर्चित भएको रूथको कथालाई यस बुँदामा प्रस्तुत गर्दछ। यस बिवरणमा एक परिवारको बारेमा उल्लेख गरिन्छ जुन् कि बिलाएर जान लागेको थियो तर त्यसको उद्धार गरिएको थियो। परमेश्वरको सृष्टि नाश भएको र उहाँका जनहरू त्रसित वातावारणमा परेको दुई ठूलो बिषयबस्तु पनि यस कथामा उल्लेख गरिएको छ। तर रूथको कथाले ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादलाई मानविय व्यक्तिगत स्तर उत्रिएको पनि खुलाउँछ। संसारको प्रत्येक मानव हृदयमा त्यस बिबादले कसरी ठाउँ ओगटिरहेको पनि यस कथामा हामी नियाल्नेछौं।

न्यायकर्ताहरूको समयमा यहूदा देश अनिकालले ग्रष्त भएकोमा अचम्म मान्नु पर्ने स्थिति थिएन (रूथ १:१, व्यवस्था २९:४८, व्यवस्था ३२:२४), न्यायकर्ता १७:६, न्यायकर्ता २१:२५)। परमेश्वरका जनहरूले उहाँसँग गरेको करार वा सम्झौतालाई लत्याएर उहाँको गरिमामय अस्तित्वलाई बिर्सेको थियो भन्ने त्यस अनिकालको परिणामले देखाउँछ। पाप र बिद्रोहले गर्दा उर्बरा जमिन सुख्खा र धुलोको कचौरा हुन पुगेको थियो। तर परमेश्वर फेरि त्यस देशमा निगाहा देखाउनुभयो र त्यसलाई पुनर्जीवन अर्थात् उर्बरा बनाउनुभयो भनेर रूथको पुस्तकले व्याख्या गर्दछ (रूथ १:६)।

आफ्नो यहूदा देश अनिकालले ग्रष्त भएपछि आफ्नो भविष्यलाई उज्ज्वर बनाउन एलिमलेक र उनको श्रीमती नेओमी आफ्ना दुई छोराहरू लिएर शत्रु देशै भएपनि मोआबमा शरणार्थी भएर गएका थिए। त्यो देशले अस्थाई रूपमा तिनीहरूको संरक्षण त दिए तर केही वर्षपछि एलिमलेक र उनका दुबै छोराहरूले मृत्युको पासोमा पर्न पुगेका थिए। आफन्त कोही नभएकोले नेओमी

जे भएतापनि आफ्नो देशमा फर्कन निधो गरेकी थिइ। (नेओमीका दुई बुहारीहरू थिए जुन यहूदी बंशको थिएन। जेठी बुहारी सासुको अनुरोधमा मोआबमै बसिन् भने कान्छि बुहारी रूथ सासुकै पछि लागिन्)।

रूथ आफ्नी सासुसँग आफ्नोलागि पराई भएको देश यहूदामा जान निधो गरेको निर्णयले हामीहरूमा पनि हुनुपर्ने प्रतिवद्धतालाई कसरी उल्लेखनीय रूपमा प्रस्तुत गर्दछ? हेर्नुहोस्, रूथ १:८-१९ "८ तब नाओमीले आफ्ना दुई बुहारीहरूलाई भनिन्, "तिमीहरू दुवै आफ्नो-आफ्नो माइती घर फर्क। जसरी तिमीहरूले ती मरिसकेकाहरू र मप्रति दयापूर्ण व्यवहार गरेका थियौ, त्यसरी नै परमप्रभुले पनि तिमीहरूप्रति दयापूर्ण व्यवहार गरून्, ९ अनि उहाँले तिमीहरू दुवैलाई तिमीहरूका आफ्ना-आफ्ना भविष्यका पतिका घरमा सुरक्षित राखून्।" तब तिनले उनीहरूलाई चुम्बन गरिन्, र तिनीहरू डाँको छोड़ी-छोड़ीकन रोए। १० त्यसपछि उनीहरूले तिनलाई भने, "हामी तपाईंका मानिसहरूकहाँ तपाईंसँग जानेछौं।" ११ तर नाओमीले भनिन्, "हे मेरा छोरी हो, फर्क, तिमीहरू किन मसँग आउने? के तिमीहरूका पति हुनलाई म अझै छोराहरू जन्माउन सक्छु र? १२ फर्क, मेरा छोरी हो, जाऊ। किनकि फेरि विवाह गर्नलाई म बूढ़ी भइसकेकी छु। नानी पाउन अझै आशा भए, र मैले आज राती नै विवाह गरेर छोराहरू पाएँ भने पनि १३ तिनीहरू बढुञ्जेल तिमीहरू पर्खन्छौ र? के तिमीहरू विवाह नगरी बस्छौ? होइन, होइन मेरा छोरी हो, परमप्रभु मेरो विरुद्धमा हुनुभएकोले मेरो अवस्था तिमीहरूको भन्दा खोटो छ।" १४ तब तिनीहरू फेरि डाँको छोड़ी-छोड़ीकन रोए। त्यसपछि ओर्पाले आफ्नी सासूलाई चुम्बन गरेर आफ्ना मानिसकहाँ फर्केर गइन्, तर रूथचाहिँ तिनीसितै टाँसिरहिन्। १५ तब नाओमीले भनिन्, "हेर त, तिम्री बहिनी त आफ्ना मानिसहरू र आफ्ना देवताहरूकहाँ फर्केर गई। तिमी ऊसितै फर्केर जाऊ।" १६ रूथले जवाफ दिइन्, "मलाई फर्केर जान र तपाईंलाई छोड्न कर नगर्नुहोस्। तपाईं जहाँ जानुहुन्छ म पनि त्यहीँ जानेछु। तपाईं जहाँ बस्नुहुन्छ म पनि त्यहीँ नै बस्नेछु। तपाईंका मानिसहरू मेरा मानिसहरू हुनेछन्, अनि तपाईंका परमेश्‍वर मेरा परमेश्‍वर हुनेछन्। १७ तपाईं जहाँ मर्नुहुन्छ म पनि त्यहीँ मर्नेछु, र त्यहीँ नै गाड़िनेछु। मृत्युबाहेक अरू कुनै कुराले तपाईं र मलाई अलग गरेमा परमप्रभुले मसँग अति पनि कड़ा व्यवहार गरून्।" १८ रूथले आफूसँग जाने दृढ़ सङ्कल्प गरेकी देखेर नाओमीले अरू केही भनिनन्। १९ अनि ती दुवै जना हिँड़े, र बेथलेहेममा आइपुगे। जब तिनीहरू बेथलेहेममा

आइपुगे तब जम्मै सहरमा हलचल मच्चियो। त्यहाँका स्त्रीहरूले भन्न लागे, "के यिनी नाओमी नै हुन्?"

रूख सत्रुदेशमा जन्मेकी थिइ जुन देशले इस्राएलीहरूलाई धेरै पल्ट सत्यानाश गर्न खोजेको थियो। तर उनी परमेश्वरका जनहरूसँग साथमा हुन र उहाँको भक्त हुन आफ्नो प्रतिवद्धता जनाएकी थिइन्। त्यसले गर्दा उनी इस्राएलमा आफ्नी सासुसँग पसिन् र त्यहाँ आफूलाई आफ्नै गाउँघर सम्झिन थालेकी थिइन्। त्यहाँ एक जमिन्दार बोअजको निगाहा उनमाथि परेनमात्रै (रूथ २:१०) उनको बारेमा थाहा पाउनेहरूले उनको सराहना पनि गर्न थालेका थिए (रूथ २:११)। रूथले परमेश्वरको निगाहा पाएको पनि बोअजले महसुस गरेको थियो (रूथ २:१२)। रूथको भक्तिभावप्रति प्रभावित भएर बोहजले उनलाई बिबाहको सुत्रमा पनि बाँध्न पुगेको थियो (रूथ ३:१०,११)।

नाओमीको पतीको जग्गालाई आफ्नो बनाउन उनको देहान्तभएको श्रीमान एलिमलेकको बोअजभन्दा नजिकको नातेदार थियो। त्यसबेलाको चलन अनुसार यदि उनले रूथलाई बिबाह गऱ्यो भने त्यो जग्गा उनको हातमा आउँथ्यो। तर त्यस नजिकको नातेदारले रूथसँग बिबाह गर्न चासो देखाएन किनभने यदि उनलाई बिबाह गरे आर्थिक अवस्थामा समस्याहरू देखिने उनलाई थाहा थियो (रूथ ४:६)। यस बेला पञ्च भलादमीहरूले रूथलाई आशिष दिएर सराहना गरेका थिए। इस्राएलको इतिहासमा उनी अत्यन्त महान् नारीहरूमा एक गन्न पुगेको ती भलादमीहरूले ठोकुवा गरेका थिए (रूथ ४:११,१२)। तिनीहरूको त्यो ठोकुवा पूरा भयो जब रूथ मसीह आउने बंशको परिवारमा उनी समावेश भइन् (रूथ ४:१३,१७; मत्ती १:५,६)।

बिबाह पश्चात दुलाहा दुलही खुशीसँग बिताए भन्ने कुरा त्यस कथाले बताउँछ, यद्यपि बाइबलका धेरै पात्रहरूलाई लिन्दा त्यसो नभएको पाइन्छ। बर्तमान यथार्थ जीवनमा पनि त्यो स्थिति सबैको छ भन्ने छैन। तर जीवनको सेरोफेरोलाई हेर्दा अन्तमा परमेश्वरको योजना कसरी पूरा हुन सक्ने रहेछ भनेर रूथको कथाले हामीलाई बुझाउन कोशिष गर्दछ। परमेश्वरमा बिश्वास गर्ने, उहाँमाथि भरोसा राख्ने र उहाँलाई प्रेम गर्ने सबैको निम्ति यो सुसमाचार नभए अरू के होला? (पाठकहरूसँग रूथको पूरा रोचक कथा बाइबलको पुरानो करारमा रूथकै पुस्तकमा पढ्न अनुरोध गरिन्छ)।

५ शमूएल (शमूएल २:१२-२५)

परमेश्वरको अगमवक्ता शमूएलको पुस्तक शमूएलको सुरूमा ख्रीष्ट र शैतानको बीचमा भएको महान् बिबादसँग के सम्बन्ध छ र भनेर कतिपयले सोच्नु स्वभाविकै हो। यस कथालाई पढ्दा इस्राएलले शत्रुको धम्कि तथा आक्रमणको सामना स्पष्ट रूपमा कोरिएको हामी पाउँछौं। खराब वा दुष्टको आक्रमण अत्यन्त नपत्यारलाग्दोले गरिन्छ तर त्यो मनगढन्ते होइन भनेर शमूएलको कथालाई उघारी दिन्छ।

१ शमूएल २:१२-२५ मा असलको बिरुद्धमा खराबले कसरी माथ गर्न खोज्छ भन्ने यथार्थ चित्र कसरी कोरेको छ हेर्नुहोस्, " १२ एलीका छोराहरू दुष्ट थिए, परमप्रभुको निम्ति तिनीहरूमा श्रद्धा थिएन। १३ मानिसहरूप्रति पूजाहारीहरूले गर्नुपर्ने व्यवहारको रीति यस्तो थियोः जब कुनै मानिसले बलिदान चढ़ाउँथ्यो तब मासु उम्लिरहँदा पूजाहारीको सेवक त्रिशूल लिएर आउँथ्यो, १४ र त्रिशूलले कराही वा ताप्के वा तसला वा खड्कुँलोमा भएको मासु घोच्थ्यो, र त्यसरी आएको जतिचाहिँ पूजाहारीले लाने गर्थे। शीलोमा बलिदान चढ़ाउनलाई आएका सबै इस्राएलीहरूसित तिनीहरूले त्यस्तै व्यवहार गर्थे। १५ बोसो जलाउन अघि नै पूजाहारीको सेवक आएर बलिदान चढ़ाउने मानिसलाई भन्थ्यो, "पूजाहारीको लागि पकाउनलाई मलाई मासु देऊ। अघिबाटै उमालेको मासु तिनी लिँदैनन्, केवल काँचो मासु मात्र लिन्छन्।" १६ "पहिले बोसो जलाउन देऊ, र तिमीले मागेको जति लैजाऊ" भनी यदि कुनै मानिसले जवाफ दियो भने त्यस सेवकले यसो भन्थ्यो, "होइन, त्यो मलाई अहिले नै देऊ, नत्रता म जबरदस्ती खोसेर लैजानेछु।" १७ ती जवान मानिसहरूको पाप परमप्रभुको दृष्टिमा साह्रै बढ्ता भयो, किनभने तिनीहरूले परमप्रभुको बलिदानलाई अवहेलना गरे। १८ तर बालक शमूएल मलमलको एपोद लगाएर परमप्रभुको सेवामा निरन्तर लागिरहे। १९ हरेक साल तिनकी आमाले तिनलाई एउटा सानो कुर्ता बनाइन्, र तिनका लोग्नेसँग वार्षिक बलिदान चढ़ाउन जाँदा शमूएलको निम्ति त्यो लगिदिन्थिन्। २० एलीले एल्काना र उनकी पत्नीलाई आशीर्वाद दिएर भन्थे, "तिमीले मागेको यस छोराको सट्टामा परमप्रभुले तिमीलाई यस स्त्रीबाट छोराछोरीहरू दिऊन्।" त्यसपछि तिनीहरू आफ्नो घर फर्कन्थे। २१ परमप्रभुले हन्नाहमाथि अनुग्रह गर्नुभयो, र तिनी गर्भवती भएर तीन छोरा र दुई छोरी जन्माइन्। उता बालक शमूएल परमप्रभुको सामुन्ने बढ्न लाग्यो। २२ एली अब साह्रै वृद्ध भएका थिए, र उनका छोराहरूले सारा इस्राएलमाथि कस्तो व्यवहार गर्दछन् भनी

उनले सुने। भेट हुने पालको ढोकामा सेवा गर्ने स्त्रीहरूसँग सहवास गरेका कुरा पनि उनले सुने। २३ यसकारण उनले तिनीहरूलाई भने, "तिमीहरू किन यस्तो काम गर्दछौ? तिमीहरू दुष्ट व्यवहार गर्दछौ भन्ने कुरा म सबै मानिसहरूका मुखबाट सुन्दैछु। २४ होइन, मेरा छोरा हो, जे म सुन्दैछु, परमप्रभुका मानिसहरूका बीचमा फैलिएको यस्तो कुरो असल छैन। २५ यदि मानिसले मानिसको विरुद्धमा पाप गर्‍यो भने परमेश्‍वरले हस्तक्षेप गर्नुहोला। तर यदि मानिसले परमेश्‍वरको विरुद्धमा पाप गर्‍यो भने त्यसको पक्षमा कसले बोलिदिने?" यी सबै कुरा सुने तापनि तिनीहरूले आफ्ना पिताका कुरामा ध्यान दिएनन्, किनभने तिनीहरूलाई मार्ने परमप्रभुको इच्छा थियो।"

"उनलाई (एली) परमेश्‍वरका जनहरूमाथि शासन गर्न वा अगुवाई गर्न चुनिएको थियो। तर उनले आफ्नै घरका परिवारलाई तह लगाउन सकेन। छोराहरूलाई पुलपुल्याएर तिनीहरूको बानी बिगारिदिएको थियो। एकदम शान्त स्वभाव भएको र हल्का जीवन बिताउने एलीले आफ्नो परिवारलाई अनुशासनमा राख्न सकेन। छोराहरूको बिग्रन थाल्दा तिनीहरूलाई दण्ड दिएन। तिनीहरूको मागलाई उनले पूरा गरिदिन्थ्यो र तिनीहरू आफूखुशी चल्न एलीले फुक्का छोडे।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५७५बाट रूपान्तरित।

एलीका छोराहरू बिपरित सानो बालक शमूएल पुजारीको जस्तो लुगा लगाउँथे (१ शमूएल २:१८,१९)। येशू जस्तै उनी बुद्धमा बढ्दै गए र बलियो हुँदै गए। परमेश्‍वर र मानिसहरूलाई उनले झन झन खुशी पार्न थालेका थिए (१ शमूएल २:२६, लूका २:५२ रूपान्तरित)। पछि गएर त्यही बालक शमूएल अत्यन्त इस्राएलको एक शक्तिशाली र निष्ठावान वा मानिसहरूले भरोसा राख्न सकिने अगुवा हुन पुगेका थिए। "अनि इस्राएलका डानदेखी बिरशिबाका मानिसहरूलाई थाहा भयो कि शमूएललाई परमेश्‍वरले अगमबक्ता हुन नियुक्त गर्नुभयो।" (१ शमूएल ३:२०)।

त्यसको अर्थ यो होइन कि सबै कुरा असल असलै असल मात्र भयो। इस्राएल फिलिस्तिनसँग निरन्तररूपमा युद्ध गरिरहनुपरेको थियो र एउटा युद्धमा एलीका दुबै छोराहरू मारिए। फिलस्तिनीहरूले परमेश्‍वरको पवित्र सन्दुकलाई लुटेर लगे। जब एलीले त्यो खबर सुने तब ९८ वर्षको एली हृदयाघात भएर मरे (१ शमूएल ४:१४-१८ रूपान्तरित)।

दुर्भाग्यवस शमूएलको पनि एलीकै जस्तो समस्या झेल्नु परेको थियो। उनका छोराहरूले पनि आफ्नो बाबुको इमान्दारिता र परमेश्वरमाथिको निष्ठालाई पछ्याएनन् (१ शमूएल ८:१-७)।

यद्यपि, शमूएलले गर्दा परमेश्वरका जनहरूको इतिहासले फड्को मारेको थियो। उनी इस्राएलीहरूको न्यायकर्ताहरूमा अन्तिम न्यायकर्ता थिए र साथै सत्य असत्यको युद्धमा वा ख्रीष्ट र शैतानको महान् बैचारिक युद्धमा उनी पनि प्रमूख पात्र हुन पुगे। इस्राएलको सङ्कटकालिन समयमा उनको बलियो प्रभावले मानिसहरूलाई अगुवाई गरेका थिए। यो कहालीलाग्दो छ कि उनका छोराहरूले पनि उनको कदममा हिँडेनन्। तर परमेश्वर कुनै बंशमा भर पर्नुहुन्न। शमूएलका छोराहरूले आफ्ना बाबुको आदर्शमा नहिँडेकोले र परमेश्वरप्रति श्रद्धामा नलागेकोले त्यसबेलाका अगुवा एल्डरहरूले शमूएलसँग अरू देशहरूमा भएको जस्तै तिनीहरूमाथि शासन गर्ने राजाको पद सृजना गर्न कसैलाई राजा बनाउन माग गरे। परमेश्वरको मतमा त्यो अत्यन्त उत्तम माग थिएन, जसरी सयौं वर्षपछिको इतिहासले त्यो देखाउँछ।

माथिका कथाहरूले यो बताउँछ कि हामी जुनसुकै परिवारमा जन्मे पनि, हुर्के पनि सत्य र असत्यको मामिलामा, असल र खराबको निर्णय गर्नुपर्ने बिषयमा वा ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्धमा हामी प्रत्येकलाई कुन पक्षमा उभिने भनेर आत्मनिर्णयको अभिभारा सुम्पिएको छ भनेर देखाउँछ। (कसैले कसैको निम्ति आदर्श व्यक्ति बनेर उद्धार गर्न सक्दैन एबं बाबुले आफ्नो छोराको निम्ति किन नहोस्। बंश वा जातिको आधारमा मुक्ति पाइन्दैन भनेर माथिका कथाहरूले स्पष्ट रूपमा देखाएको पाइन्छ)। तपाईंले जुनसुकै गलत काम गर्नुभएतापनि वा भूल गर्नुभएतापनि अहिले नै परमेश्वरसँग क्षमा मागेर उहाँको मार्गमा हिंड्न कहिलै पनि ढिलो हुँदैन भनेर तपाईंले किन सम्झिरहनु जरुरी छ? आजको सट्टामा परमेश्वरसँग भोली माफ मागुँला भनेर पर्खन्दा किन ढिलो हुनसक्छ। आखिरमा अहिले मात्र तपाईंको समय छ। (सम्झिनु होस्, प्रत्येक क्षण तपाईंको निम्ति परिक्षणकाल हुनसक्छ-अनुवादकको मन्तव्य)।

**उपसंहारः**

थप जानकारीः मानविय पाप, कमजोरी वा गलत कामहरू परमेश्वरको जोसुकै अगुवा वा बीरहरू भएतापनि ढाकछोप गर्न कोशिष गर्दैन भन्ने मामिलामा

बाइबल प्रख्यात छ। नत्रभने मानिसको यथार्थ चित्रण वा व्यवहारिक चित्रण बाइबलले कसरी दिन सक्छ र? १ शमूएल २:१७-२५मा युवा शमूएलको जीवन र एलीका छोराहरूको स्वभावको बीचमा बिपरित अर्थात् एकदम आकाश र पातालको फरक भएको चित्रण स्पष्टरूपमा गरेको छ। १ शमूएल २:१२मा एलीका छोराहरू बेलिएलशअ छोराहरू भनेर खुलमखुला लेखिएको छ किनभने तिनीहरूले परमेश्वरलाई चिनेन वा उहाँको आत्मज्ञान उनीहरूको मगजमा घुस्न सकेन। बाइबलमा देखाएको जीवनले परिवारको इतिहास वा बंशले सत र असतको लडाईंमा अत्यन्त उल्लेखनीय भूमिका खेल्छ भनेर भनिएको छैन। एउटै पुस्तामा एलीका छोराहरू बेलियलशअ छोराहरू हुन पुगे। बेलिएल भन्ने शब्द अत्यन्त फराकिलो शब्द हो र त्यसलाई धेरै अर्थहरूमा लगाइन्छ। तर प्रायजसो नकारात्मक प्रकारले। बेलियल भन्ने शब्द हिब्रुभाषाको ब्ल (bl) र ब्ली (bli)बाट आएको हो। त्यसको अर्थ "अहँ" "होइन" र "बिना" भनेर जनाउँछ। बेलिएल आफैको अर्थ बेकारको र मूल्यहीन वा नैतिकहिन हुन्। अरू अंशहरूमा एलीका छोराहरूलाई त्यसरी नै बेकारको, कामनलाग्ने र कुनै मूल्यमान्यता वा नैतिकता नभएको जनाउँछ। अरू मानिसहरू पनि बेलिएलका छोराहरू भनेर कहलाइएको छ (२ इतिहास १३:७, १ राजा २१:१३)। हितोपदेश ६:१२मा दुष्ट वा खराब चरित्रको हुनु भनेको बेलिएलका छोराहरू हुनु हो। (बाइबलको समयमा त्यसबेलाका सभ्यताका अरू साहित्यमा बेलिएललाई शैतानको नाउँले सम्बोधन गर्दछ)। बाइबलमा बेलिएल शब्द प्रयोग गर्दा जहिलेपनि प्रायजसो नकारात्मक स्वभावलाई जनाउने देखाउँदछ। मानव भएकोले एलीका छोराहरू पनि परमेश्वरकै स्वरुपमा सृष्टि भएको थियो। त्यसको अर्थ यस संसारमा तिनीहरूको जन्मनुको अर्थ र लक्ष्य थिए। तर बाइबलको अनुसार तिनीहरूको जीवन अर्थहीन, बेकारको हुनगएर कामनलाग्नेका छोराहरू कहलाएका थिए। आफ्नो अमूल्य जीवनको कसरी दुर्भाग्यवस दुःखलाग्दो तरिकाले तिनीहरूले खेर फाले? हामी प्रत्येक मानवप्राणी कि त परमेश्वरको निम्ति हो अर्थात् अर्थपूर्ण र कामलाग्ने उहाँको लक्ष्यमा हिंड्ने वा अन्तमा बेकारको वा अर्थहिन भएर चल्ने? त्यो आत्मनिर्णयको अधिकार कुनै जात, बंश, मानमर्यादा, प्रतिष्ठामा नभएर प्रत्येक व्यक्तिलाई सुम्पिएको छ। हामीहरूको जीवनको सम्पूर्ण सही अर्थ र लक्ष्यको स्रष्टा परमप्रभु सनातनका परमेश्वर नै हुनुहुन्छ।

**चिन्तनमननः**

अ. सत्य र असत्यको संग्राममा वा ख्रीष्ट र शैतानको महान् बिबादिय युद्धमा कसैले पनि मध्यममार्ग रोज्न सकिंदैन भनेर बाइबलले स्पष्ट गरेको छ। कि त हामी ख्रीष्टको पक्षमा वा शैतानको पक्षमा। तर बाहिरिरूपमा हेर्दा मानिसहरूको जीवनमा तत्कालै हामीहरूले स्पष्ट र तिख्ख भेद सधैं नदेख्न सक्छ। कहिलेकाहीँ वा प्रायजसो कुन् ठीक निर्णय वा कुन् बेठीक निर्णय हो सो छुट्याउन मुश्किल नै परिरहेको हुन्छ। नैतिककै आधारमा हेर्ने हो भने कस्को नैतिकता ठीक छ कस्को छैन भनेर हामीले छुट्याउन कठिन भएको पाउँछौं। सधैं के उचित गर्ने भनेर निर्णय गर्न पनि हामीलाई मुश्किल पर्दछ। के के उपायहरू छन् जसबाट हामीले उचित वा सही निर्णय गर्न सहयोग गर्न सक्दछ?

आ. तपाईंले कतिपय मानिसहरूलाई आदर्श व्यक्तिको रूपमा वा नमुनाको रूपमा हेर्नुहुन्छ होला। तर कतिपयसमयमा तिनीहरूको जीवनले तपाईंलाई निराश पारेको होला। त्यसको केही उदाहरणहरू तपाईंसँग छ? फेरि त्यही समयमा तपाईं आफैले पनि कतिजनालाई निराश पार्नुभयो होला जसले तपाईंलाई नैतिकवान वा चरित्रवान व्यक्ति भनेर चिनेको हुन्छ? यस अध्यायका पात्रहरूको जीवनले तपाईंले निष्ठा, बिश्वास, भरोसा, अनुग्रह, दया, सदाशयता, क्षमाशिलताको बारेमा के सिक्नुभयो, त्यतिमात्र नभएर मानविय कमजोर र त्रुटिको बारेमा पनि?